का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १३८
❒ ७ साउन २०७७, बुधबार
❒ 22 July 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १७९९४ जना | १२४४७ जना | ३२३८३५ | ५४७७ | ४० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ४९ लाख २० हजार | ८९ लाख ५८ हजार | ६ लाख १४ हजार | ५३ लाख ४७ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# १२० दिनपछि लकडाउन अन्त्य

■ बिहीबारदेखि छोटो दूरीको यातायात चल्ने ■ साउन १५ गतेबाट होटल तथा रेष्टुरेन्ट खुल्ने
■ भदौ १ गतेदेखि लामो दूरीको यातायात र उडान चल्ने ■ शैक्षिक संस्थाहरुबारे भने अर्को निर्णय लिइने

**सरकारले गएको चैत ११ गतेदेखि लागू भएको लकडाउन अन्त्य भएको छ । सरकारले आजबाट लकडाउन अन्त्य भएको जानकारी दिएको छ । सरकारका प्रवक्ता युवराज खतिवडाले लकडाउन मंगलबार रातिबाट लकडाउन अन्त्य भएको जानकारी दिएका छन् ।**




*लकडाउनका कारण सुनसान बौद्ध स्तूपा । तस्वीरः इन्टरनेट*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन ।

सरकारले गएको चैत ११ गतेदेखि लागू गरेको देशव्यापी लकडाउन अन्त्य भएको छ। सरकारका प्रवक्ता युवराज खतिवडाले लकडाउन अन्त्य भएको जानकारी दिएका हुन् । तर, केही क्षेत्रहरु भने बन्द नै रहनेछ । भोलिबाट सार्वजनिक यातायात खुल्नेछ । लामो दूरीको यातायात भने खुल्ने छैन । लामो दूरीको यातायात भने भदौ १ गतेबाट मात्रै खुल्नेछ ।

साउन १५ गतेदेखि होटल तथा रेष्टुरेन्ट खुल्नेछ । तर, ठूलो जमघट भने गर्न पाइने छैन । विवाह र भोज गर्न नपाइने मन्त्री खतिवडाले बताए। सरकारले आजैबाट जोरबिजोर प्रणाली भने हटाएको छ। सरकारले लकडाउनको अवधिमा दुई सिफ्टमा काम गर्दै आएको थियो । बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ देखि ६ बजेसम्मको सिफ्टमा काम गर्दै आएको थियो। सिफ्ट प्रणाली नै अन्त्य भएको घोषणा गरिएको छ ।

तर, सरकारले शैक्षिक संस्था भने बन्द नै रहने जनाएको छ । शैक्षिक संस्था खुल्नेबारे भने अर्को निर्णय लिइने पनि प्रवक्ता खतिवडाले बताए । तर, लकडाउन अन्त्य भएपनि उच्च सतर्कता भने हरेक क्षेत्रमा उच्च सतर्कता अपनाउनुपर्नेछ। महामारी रोकथामका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरु मास्क, स्यानिटाइजर, सामाजिक दूरी लगायत प्रयोग गर्नुपर्नेछ ।

## साढे १२ हजार डिस्चार्ज

**जेठ र असार महिनामा उच्च संख्यामा संक्रमित भेटिएकोमा पछिल्ला दिनहरू लगातार डिस्चार्ज हुनेको संख्या बढेको छ । मंगलबार एकै दिन ६०९ जना डिस्चार्ज भएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन ।

बितको २४ घण्टामा ६०९ संक्रमित डिस्चार्ज भएका छन्। मंगलबार डिस्चार्ज भएका सहित संक्रमित जितेर घर फर्कनेको संख्या १२ हजार ४७७ जना पुगेको छ । थपिने भन्दा डिस्चार्ज हुनेको संख्या बढिरहेपनि अझै विभिन्न अस्पताल तथा आइसोलेशन सेन्टरमा अझै पाँच हजार ४७७ जना सक्रिय संक्रमितको उपचार भइरहेको छ ।

प्रदेश नं २ को रौतहट तथा सुदूरपश्चिम प्रदेशको कैलाली र बाजुरामा ५०० भन्दा बढी सक्रिय संक्रमित उपचारत छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको जानकारी अनुसार, सात जिल्ला कोरोनाको सक्रिय संक्रमित मुक्त भएका छन् ।

प्रदेश नं १ को भोजपुर, पाँचथर, धनकुटा र संखुवासभा, वाग्मती प्रदेशको रसुवा तथा गण्डकी प्रदेशको मनाङ र मुस्ताङमा कोरोनाको सक्रिय शून्य बनेका छन् । अर्थात्, अहिलेसम्म ६९.३४ प्रतिशत संक्रमित निको भएर घर फर्किएका छन् ।

थपिने संख्यामा केही कमी आए पनि रोकिएको भने छैन । पछिल्लो २४ घण्टामा १५० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। विभिन्न २७ प्रयोगशालामा गरिएको तीन हजार ९६३ नमूना परीक्षणमा १५० जनामा संक्रमण पुष्टि भएको छ । मंगलबार थपिएको सँगै नेपालमा संक्रमित संख्या १७ हजार ९९४ पुगेको छ ।

मंगलबार धनुषामा सबैभन्दा बढी संक्रमित पुष्टि भएको छ। मन्त्रालयका अनुसार, धनुषामा २९ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौं उपत्यकामा नौ संक्रमित थपिएका छन् । कञ्चनपुरमा २०, महोत्तरीमा १४, दैलेखमा १०, काठमाडौं र उदयपुरमा आठ/आठ, चितवन र मकवानपुरमा पाँच/पाँच, बझाङ र डोटीमा चार/चार, मोरङ, गोरखा, म्याग्दी, स्याङ्जा, बागलुङ, बाँके, सर्लाही, दाङ र कैलालीमा तीन/तीन जना संक्रमित थपिएका छन् ।

झापा, इलाम, पर्सा, रामेछाप र सल्यानमा दुई/दुई तथा सप्तरी, काभ्रेपलाञ्चोक, कैलाली, नुवाकोट, ललितपुर, नवलपरासीमा एक/एक संक्रमित थपिएका छन् । हालसम्म तीन लाख २३ हजार ८३५ नमूना पिसिआर विधिबाट परीक्षण गरिएको छ । क्वारेन्टिनमा २१ हजार ७०४ र आइसोलेशनमा पाँच हजार ४७७ जना छन् ।

विश्वमा हालसम्म एक करोड ४८ लाख ६६ हजार ३९४ जनामा कोरोना संक्रमण पुष्टि भइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । ती मध्ये छ लाख १३ हजार ५५० जनाको कोरोनाकै कारण मृत्यु भएको छ ।

## स्वास्थ्य सुरक्षा विषयलाई अभिमुखीकरण पाठ्यक्रममा समावेश गर्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले कोरोना भाइरस (कोभिड-१९) ले सिर्जना गरेको स्वास्थ्य सुरक्षाका विषयलाई तत्काल पाठ्यक्रममा समावेश गर्न माग गरेको छ। महासंघले सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवलाई ज्ञापनपत्र बुझाउँदै उक्त माग गरेको हो ।

महासंघका अध्यक्ष राजाराम गौतमले हाल प्रचलनमा रहेको पाठ्क्रममा कोभिड-१९ लगायत महामारी जस्ता सरुवा रोगका बारेमा पाठ्यसामग्री नभएको भन्दै सरकारले वैदेशिक रोजगारीमा जाने कामदारहरुको श्रम स्वीकृति दिन शुरु गर्नुअघि पाठ्यक्रम परिमार्जन गरिनुपर्ने बताए ।

कोभिडको महामारीपछि विश्वस्वास्थ्य संगठनले स्वास्थ्य सुरक्षाका मापदण्ड कडाईकासाथ पालना गर्न सदस्य राष्ट्रहरुलाई निरन्तर आग्रह गरिरहेको भन्दै अध्यक्ष गौतमले हालको अवस्थामा क्वारेन्टिन तथा आइसोलेसनको विधि र प्रक्रियाकाबारेमा सम्बन्धित देशको नीति निर्णयमा पनि जानकारी गराउनु आवश्यक रहेको बताए ।

मुख्य गरी पाठ्यक्रममा श्रव्यदृश्य सामग्रीका आधारमा पाठ्य सामग्री निर्माण गर्नुपर्ने भन्दै महामारी अन्त्य नहुँदासम्म विदेश जानेलाई मात्र नभई स्वदेश फर्किएपछि पनि अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाकाबारेमा जानकारी दिनु आवश्यक रहेको महासंघले मन्त्री यादवलाई बुझाएको ज्ञापनपत्रमा उल्लेख छ ।

त्यस्तै महासंघले एक तालिम केन्द्रले एउटा मात्र समूह (कलस्टर)को तालिम सञ्चालन गर्ने, एकभन्दा बढी कलष्टरमा तालिम दिन चाहे संस्था मर्जर गरी बढीमा चार कलष्टरसम्मको अनुमति दिनुपर्ने, कलष्टरको तालिम दिने प्रशिक्षकले सम्बन्धित देशको अनुभव र भाषाको तालिम लिएको हुनुपर्ने, वैदेशिक रोजगार बोर्डको निर्देशन समितिमा महासंघको प्रतिनिधित्व गराइनुपर्ने लगायतका माग गरेको छ ।

**वैदेशिक रोजगार विशेष**

### श्रम सचिवमा राया



काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले करिब दुई महिनापछि नयाँ सचिव पाएको छ । सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले बागमती प्रदेशका प्रमुख सचिव तोयम रायालाई श्रम मन्त्रालयमा सरुवा गरेको हो। गत जेठ १२ गते मन्त्रालयका तत्कालीन सचिव विनोद केसीले उमेरहदका कारण सेवाबाट अवकाश लिएपछि मन्त्रालय सचिवविहीन बनेको थियो । मन्त्रालय सहसचिव बाबुराम अधिकारी निमित्त सचिवको जिम्मेवारीमा रहेका छन् ।

नवनियुक्त सचिव राया बागमती प्रदेशको मुख्य सचिव हुनुअघि भन्सार विभागका महानिर्देशकको जिम्मेवारीमा थिए । तर अर्थ मन्त्रालयमा भएको चलखेलपछि उनी चार महिनामै अर्थ मन्त्रालय तानिएका थिए ।

बाँकी पृष्ठ २ मा

## फेरि ओली अनुपस्थित

### २० दिन पछाडि केहीबेर बसेर बैठक स्थगित
### अर्को बैठक १३ साउनमा बोलाइयो

**बाढी पहिरोको प्रकोपमा परेकाहरूलाई उद्धार गर्न भन्दै सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक एक सातालाई स्थगित गरिएको छ ।**



*नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत नेता ।*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन ।

लगातार स्थगित हुँदै आएको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) फेरि पनि स्थगित भएको छ । गएको असार २६ गते एक साताका लागि स्थगित भएर साउन २ गते बैठक बोलाइएको थियो । तर, यो बीचमा सचिवालय बैठक बस्यो। लामो समय पछाडि बसेको सचिवालय बैठकले भने नेकपा विवादले समेत नयाँ रुप लिन पुगेको छ ।

साउन ३ गते प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओलीले विशेष महाधिवेशनको प्रस्ताव गरेपछि नेकपा फेरि एक साताका लागि स्थगित गरिएको छ। साउन ४ गते र मंगलबारका लागि बोलाइएको स्थायी कमिटी बैठक अविरल वर्षाका कारण बाढी र पहिरोको प्रकोपमा परेकाहरुलाई उद्धार गर्न खटिनुपर्ने भन्दै स्थगित गरिएको छ ।

तर, मंगलबार एघार बजे बोलाइएको बैठक दुई घण्टाका लागि स्थगित गरिएको थियो । दिउँसो दुई बजे बोलाइएको बैठकमा समेत ओली अनुपस्थित भएपछि अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले साउन १३ गते सम्मका लागि बैठक स्थगित गरेका छन्। स्थायी कमिटी सदस्य छबिलाल विश्वकर्माका अनुसार, प्रकोपमा परेकाहरुलाई उद्धारमा खटिनुपर्ने

बाँकी पृष्ठ २ मा

## बाढी पहिरोको वितण्डा

# ११७ जनाको मृत्यु, ५१ बेपत्ता



**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन

मुलुकभर लगातारको वर्षाका कारण बाढी पहिरोमा परी हालसम्म एक सय १७ जनाको मृत्यु भएको छ । बाढी पहिरोका कारण ५१ जना बेपत्ता भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मनसुन सुरु भएयता बाढी पहिरोबाट मंगलबार साँझसम्म एक सय १७ जनाको मृत्यु भएको हो ।

पहिरोमा परेर ४६ जना बेपत्ता छन् भने ९३ जना घाइते भएका छन् । त्यस्तै बाढीमा परेर तीन जनाको मृत्यु भएको छ । पाँच जना बेपत्ता छन् भने एक जना घाइते छन् । पछिल्लो २४ घन्टामा पहिरोमा परेर सात जनाको मृत्यु भएको छ । ३ जना बेपत्ता भएका छन् । ११ जना घाइते भएका छन् ।

प्राकृतिक विपदका ७१ वटा घटना पछिल्लो २४ घन्टामा देशभर भएका छन् । प्राधिकरणको तथ्यांक अनुसार पछिल्लो २४ घन्टामा ३१ ठाँउमा पहिरो गएको छ । २४ स्थानमा अबिरल बर्षा भएको छ । ११ स्थानमा बाढीले सबैभन्दा बढी प्रभाव पारेको छ । सात स्थानका सडकमा अवरोध देखिएको छ ।

**मनसुनमा औसतभन्दा बढी वर्षा**

हिउँदबाट नै औसतभन्दा बढी वर्षा भएकाले मनसुनमा बाढी पहिरोका घटनाहरु बढेको मौसम विज्ञान विभागले जनाएको छ । उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा मंगलबार भएको पत्रकार सम्मेलनमा विभागका महानिर्देशक सरजु वैद्यले हिउँदमा औषतभन्दा २ सय ३० प्रतिशत बढी वर्षा भएको र मनसुनमा समेत १ सय ३० प्रतिशत बढी वर्षा भएकाले पहिराका घटनाहरु बढेको बताएका हुन् । हिउँदको वर्षाले जमिन भिजेको र गलिसकेका कारण मनसुन सुरु हुने वित्तिकै ठाउँठाउँमा घटनाहरु घटेको विभागको निस्कर्ष छ ।

विभागले साउन ९ गतेसम्म मनसुन सक्रिय रहने र त्यसपछि क्रमिक रुपमा वर्षा कम हुने जनाएको छ । विगत तीन दिनयता प्रदेश नम्बर २, ५ र गण्डकी प्रदेशमा १ सय ५० देखि २ सय मिमिलिटर पानी परेको छ । मनसुन सुरु भएयता प्रदेश नम्बर १ , २, र ५ मा औषतभन्दा २ सय प्रतिशत बढी पानी परेको छ । विभागले कोसी नदीको चतरा, बागमती नदीको खोकना, नारायणी नदीको देवघाटमा खतराको तह पार गरेको बताएको छ । नारायणी नदीको देवघाट, अरुणको सिम्ले, तमोरनदी र त्रिवेणी नदीमा जल सतह खतराको तहमा पुगेको छ । आगामी तीन दिनसम्म प्रदेश नम्बर १, २, ५, बागमती र गण्डकी प्रदेशका नदीहरुमा बाढीको जोखिम औंल्याइएको छ ।

**३६ घण्टापछि खुल्यो नारायणगढ–मुग्लिन सडक**

माथिबाट पहिरो खसेपछि अवरुद्ध नारायणगढ-मुग्लिन सडकखण्ड ३६ घण्टापछि एकतर्फी सञ्चालनमा आएको छ । सोमबार बिहान ५ बजे चारकिलोमा खसेको ठूलो पहिरो पन्छाएपछि मंगलबार साँझ ४:५० बजेबाट एकतर्फी सञ्चालनमा आएको हो ।नारायणगढ मुग्लिन सडक आयोजनाका सूचना अधिकारी इन्जिनीयर शिव खनालका अनुसार सो सडकको चारकिलोमा पहिराले ६० मिटर सडक ढाकेको थियो । दुवैतर्फबाट लोडरलगायतका साधनले पहिरो पन्छाइएको उनले जानकारी दिए । सोमबार दिनभर वर्षा र पहिरो खसिरहेपछि काम गर्न सकिएको थिएन । आज बिहानबाट पहिरो पन्छाउने काम थालिएको थियो । पहिरो खसेको ठाउँ नारायणगढबाट ३१ दशमलव पाँच किलोमिटर मुग्लिनतर्फ पर्दछ ।

सो ठाउँ इच्छाकामना गाउँपालिका-६ हो । सो सडकको पहिरो खस्ने अन्य ठाउँ मर्मतसम्भार गरिएको भए पनि त्यस ठाउँमा काम गर्न शुरु गर्दागर्दै पहिरो खस्न थालेको हो । यसअघि पनि त्यही पहिरो खसेर सडक अवरुद्ध भएको थियो । सो सडक अवरुद्ध हुँदा धेरै सवारीका साधन रोकिएका थिए । सडक एकतर्फी खुलेसँगै सवारीहरु गन्तव्यतर्फ लागेका छन् । राजधानी काठमाडौंतर्फ जाने सवारी भने अगाडि पृथ्वी राजमार्गमा पुगेर रोकिने भएका छन् । सवारीको चाप कम भएपछि सडक पूरै सफा गरिनेछ ।

# आमसञ्चारमाध्यमका लगानी पारदर्शी गरिने : सञ्चारमन्त्री



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधि एवं अर्थमन्त्री डा. युवराज खतिवडाले आमसञ्चारमाध्यमका लगानी पारदर्शी गर्न सरकार लागिरहेको बताएका छन् । प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिमा 'कोभिड-१९ को सङ्क्रमणले श्रमजीवी पत्रकार र सञ्चार क्षेत्रमा पारेको प्रभावका सम्बन्ध'मा भएको छलफलमा उनले सबैभन्दा बढी सरोकार भएको क्षेत्र सञ्चार भएकाले यसलाई व्यावसायिक बनाउनका लागि लगानीलाई पारदर्शी बनाउन थालिएको बताए ।

उनले कोभिड-१९ का कारणले सञ्चारमाध्यम 'मध्यम' रुपमा प्रभावित भएको भन्दै सहुलियतपूर्ण कर्जा, ब्याज तिर्ने अवधि बढाउने जस्तो राहत मौद्रिक नीतिबाट ल्याइएको बताए । 'कोभिड-१९ का कारणले सञ्चारमाध्यम मध्यम रुपमा प्रभावित भएको छ', उनले भने, 'कोभिड-१९ का कारण देखाउँदै सञ्चारमाध्यमले श्रमजीवी पत्रकारलाई कामविहिन बनाउन हुँदैन । रोजगारदाता र श्रमिक मिल्नुको विकल्प छैन ।'

उनले सञ्चारमाध्यमलाई पनि कानूनी रुपमा उद्योगका रुपमा परिभाषित गरिएकाले सञ्चारमाध्यममा देखिएका समस्या श्रम, अर्थ र सञ्चार मन्त्रालय बसेर टुंग्याइने बताए । कोभिड-१९ का कारण सरकारले चैत महिनामा पूरै र वैशाख महिनाको ५० प्रतिशत र बाँकी तलब पछि दिने भनेर निर्देशन दिएको भन्दै उनले कतिपय सञ्चारमाध्यमले विज्ञापनको पैसा पाउन नसकेर समस्या आएको हुन सक्ने बताए । 'साउन महिनापछि पहिलेकै अवस्थामा फर्कनेछौं, त्यसपछि धेरै क्षेत्रलाई अब सामान्य ढङ्गबाट सञ्चालन गर्ने तयारीमा छौं,' उनले भने, ' त्यसपछि सञ्चारमाध्यम पनि सहज चल्न सक्दछन् र श्रमजीवी पत्रकार कटौती गर्ने अवस्था आउनेछैन ।'

सञ्चारमन्त्री डा. खतिवडाले सञ्चारमाध्यममा श्रमजीवी पत्रकारलाई पारिश्रमिकको समस्या आउने भनेर नै सामाजिक सुरक्षा कोष ल्याइएको जानकारी दिए । उनले चाँडै नै विज्ञापन बोर्डको गठन गरेर लोककल्याणकारी विज्ञापन निष्पक्ष ढङ्गले वितरण गरिनेसमेत जानकारी दिए । छलफलमा सांसद गणेश पहाडी र जीपछिरिङ लामाले कोभिड-१९ का कारणले श्रमजीवी पत्रकार बेरोजगार हुननहुने बताए ।

नेपाल पत्रकार महासङ्घका महासचिव रमेश विष्टले पत्रकारका श्रम र सिर्जनाबाट कमाएका सञ्चारमाध्यमले अहिले आएर कोभिड-१९ का कारण देखाउँदै जागिरबाट निकाल्ने गरेको बताए । मिडिया सोसाइटीका अध्यक्ष शुभशङ्कर कँडेलले आमसञ्चारमाध्यमलाई जीवन्त राख्न सरकारले सहयोग गर्नुपर्ने बताए ।

सामुदायिक रेडियो प्रसारक सङ्घका अध्यक्ष सुभाष खतिवडा, ब्रोडकास्टिङ एसोसिएशन अफ नेपालका अध्यक्ष चन्द्र न्यौपाने, नेपाल प्रेस सङ्गठनका नरेन्द्र साउँद, प्रेस युनियन नेपालका कोषाध्यक्ष सरोज अधिकारीलगायतले कोभिड-१९ का कारण देखाएर श्रमजीवी पत्रकारलाई सञ्चारमाध्यमले निकाल्न नहुने बताए ।

# पहिरो पीडितका लागि गुल्मी कांग्रेसको राहत



**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ६ साउन

गुल्मीको इस्मा गाउँपालिका तथा मुसिकोट नगरपालिकाका दुई छुट्टाछुट्टै स्थानमा मानवीय क्षति हुने गरी पहिरो गयो । गत असार १८ गतेको अविरल वर्षासँगै आएको पहिरोमा परी इस्मा गाउँपालिका-१ मल्दीका दुई जनाले अकालमै ज्यान गुमाउनुपऱ्यो । ज्यान गुमाउने अठार महिने शिशु सिजन सारुसमेत थिए ।

उनीसँगै सात बर्षीय अपेक्षा खत्रीले पनि पहिरोमा बगेर ज्यान गुमाइन् । ६ जना गम्भीर घाइते भए । पहिरोले त्यति मात्र सिमित राखेन् । इस्माको मल्दी, जुकेपानी, तोरीखर्कमा एक सय ९४ घर विस्थापित भए । त्यहाँ अहिलेसम्म विद्युत, खानेपानी, सडक सुचारु हुन सकिरहेको छैन ।

मुसिकोट-२ का भागीरथ घिमिरे पहिरोमा परी बेपत्ता भए । लामो समयसम्म खोजी कार्य गरियो । तर फेला परेनन् घिमिरे । परिवारले काजक्रिया गर्नुपऱ्यो । त्यहाँका ५४ घर विस्थापित भए । पहिरोले क्षतबिक्षत भएका ती पहिरोस्थलहरुमा त्यहाँका स्थानीय सरकारहरुले चाँसो नदेखाउँदा पहिरो प्रभावित झन् पीडित भए । घर नै पहिरोको जोखिममा परेपछि पीडित स्थानीयले बनाएका टहरा र बिद्यालयमा आश्रय लिन बाध्य भए । साहारा विहिन भएका उनीहरुलाई उद्धार, राहत र सहानुभूतिको आवश्यकता थियो ।

पीडितहरुलाई राहत, उद्धार र सहानुभूति प्रकट गर्दै त्यहाँका पीडितहरुको सहयोगका लागि नेपाली काँग्रेस गुल्मीले अग्रमोर्चा स्माइली रह्यो । निरन्तर स्थानीय काँग्रेसी नेताहरुको पहिरो प्रभावित स्थलहरुको अवलोकन र प्रभावितहरुसँगको भेट तिव्र बन्यो । राज्यका निकायहरु पीडितहरुको उद्धार र राहतमा निदाइरहँदा काँग्रेसका नेताहरु भने त्यस घटनाले निदाउन सकेनन् । उनीहरुलाई जिल्लातह देखि स्थानीयतहसम्म पीडितहरुलाई राहत प्रदान र उद्धारका लागि झकझकाई रहे ।

अन्ततः पहिरो प्रभावित क्षेत्रहरुको स्थलगत अवलोकन शुरु भयो । पटक-पटकको कांग्रेस नेताहरुको जोडबलले नै जिल्ला विपद् व्यवस्थापन् समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्मासहित अन्य राजनैतिक दलका नेताहरुले पनि पहिरो प्रभावित क्षेत्रको अवलोकन गरे । पीडितहरु भने तीनै तहका सरकारको महसुस गर्न नपाएको गुनासो सुनाउँछन् । तर गुल्मी काँग्रेसले भने निरन्तर राहत प्रदान गर्दै आएको छ । नेपाली काँग्रेस गुल्मीका सभापति भुवन प्रसाद श्रेष्ठ, उपसभापति विष्णु प्रसाद बलाल, सचिव खिलध्वज पन्थी सहितका नेताहरुले पटक-पटक पहिरो प्रभावित स्थलहरुको अवलोकन गरे । हातमा मिनरल वाटरको बोत्तल बोकेर हिलाम्य र साघुँरो बाटोको कठिनपूर्ण यात्रा गर्दै प्रभावितहरुलाई भेटन् गएका उनीहरुले राहत प्रदानलाई पनि तिव्रता दिए ।

त्यस क्रममा काँग्रेसले पीडितहरुलाई खाद्यन्नसँगै त्रिपाल लगायतका अतिआवश्यक वस्तुहरु राहत स्वरुप प्रदान गरेको थियो । जसअन्तरगत आइतबार मात्रै पनि मुसिकोट नगरपालिका-२ का पहिरो प्रभावितहरुलाई ठुलो परिणाममा चामल, दाल, चाउचाउ, नुन-तेल लगायतका विभिन्न खाद्यान्न वितरण गरेको हो ।

काँग्रेसले श्रृङ्खलावद्ध रुपमा राहत प्याकेज ल्याउने सभापति श्रेष्ठले यस अघि नै घोषणा गरेका थिए । सोही अनुसार पहिरो प्रभावित क्षेत्रमा राहत सामग्री प्रदान गर्न पुगेका सभापति श्रेष्ठले विस्थापित सम्पूर्ण घरपरिवारलाई छिट्टै स्थायी बसोवास हुने गरी स्थापित गर्न तीनै तहका सरकारलाई आग्रह गरे । यस्तो समयमा पनि तीनै तहका सरकार संबेदनशिल बन्न नसकेको सभापति श्रेष्ठले बताए ।

उनले भने, 'हाम्रो पार्टी सरकारमा नहुँदा पनि हामी राहतका सामग्री बोकेर आयौं । अब सत्तारुढ पार्टीले अझ यो भन्दा धेरै राहत बोकेर पीडितलाई मलम लगाओस्!' उनले विपत्तिको बेला पनि स्थानीय तहले कसैसँग समन्वय गर्न नसकेको बताए । सभापति श्रेष्ठले राजनैतिक आस्थाको आधारमा राहत वितरण नगर्न आग्रह गरे । साथै उनले प्रभावित क्षेत्रमा तत्कालै भू-गर्भविद्हरुको टोली लिएर अध्ययन गर्न सरकारसँग माग समेत गरे । काँग्रेसले त्यहाँ राहत लिएर पुगेपछि प्रभावित क्षेत्रका पीडितहरु हर्षित बनेका छन् ।

जिल्लाको पहिरो प्रभावितहरुलाई राहत वितरण पुगेका नेपाली कांग्रेस जिल्ला सचिव खिलध्वज पन्थीले सरकार बिपद्यमा पनि गम्भीर बन्न नसकेको बताए । त्यहाँ अहिलेसम्म विद्युत, खानेपानी, सडक सुचारु हुन नसकेको बताए । स्थानीय सरकारको गम्भीरता नदेखिएको उनले बताए ।विपत्तीको बेला राजनीति होइन मानवता देखाउन उनले आग्रह गरे ।

यसअघि इस्मा गाउँपालिका-१ का पहिरो पीडितहरुलाई दुई पटक राहत सामग्रीहरु वितरण गरेको थियो । नेपाली काँग्रेस गुल्मी काठमाण्डौं सम्पर्क समिति अन्तरगत गठित विपद् व्यवस्थापन समितिले राहत सामग्री व्यवस्थापन तथा वितरणमा सहयोग गरेको थियो ।

राहत सामग्री वितरणमा मुसिकोट नगरपालिका-२ का वडाअध्यक्ष लक्ष्मण खत्री, नेपाली कांग्रेस जिल्ला सचिव बिष्णु कुमारी सापकोटा, जिल्ला सदस्य महेन्द्र भण्डारी, शालिकराम पन्थी, महाधिवेशन प्रतिनिधि प्रेमनारायण भण्डारी, ज्ञानहरी सापकोटा, प्रदेश सभापति पूर्ण केसी, नेपाली कांग्रेस मुसिकोटका सभापति सुदर्शन शाक्य, लगायतका स्थानीय काँग्रेस नेताहरुको उपस्थिति रहेको थियो ।

यसैबीच, नेपाली काँग्रेसका संस्थापक तथा प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको ३८ औं स्मृति दिवस गुल्मीमा मनाइएको छ । नेपाली काँग्रेस रेसुङ्गा नगर समितिको आयोजनामा विपि स्मृति भवन तम्घासमा औपचारिक कार्यक्रमको आयोजना गरी यो दिवस मनाइएको हो ।

नेपाली काँग्रेस गुल्मीका सभापति भुवन प्रसाद श्रेष्ठले नेपाली काँग्रेस पछिल्लो पटक सिद्धान्तमा अलमलिएको बताए । दीनदुखी र गरिबहरुका लागि काँग्रेसले स्पष्ट नीति बनाउनुपर्ने उल्लेख गर्दै उनले महामानव कोइरालाले देखाएको बाटोमा हिड्नु पर्ने उल्लेख गरे ।

नगर सभापति छवि पाण्डेयको सभापतित्व तथा सचिव अनिल बस्नेतको सञ्चालन भएको कार्यक्रममा उपसभापति विष्णु प्रसाद बलाल, सचिव खिलध्वज पन्थी, पूर्व पार्टी सभापति सुरेशचन्द्र भुसाललगायत जिल्लास्थित स्थानीय नेताहरुको उपस्थिति रहेको थियो ।

महामानव कोइरालको स्मृति दिवसको अवशरमा गुल्मीमा पहिरो प्रभावितलाई राहत वितरण गरिएको छ । नेपाल महिला संघ रेसुङ्गा नगर समितिकी कोषाध्यक्ष निर्मला केसी तथा दल बहादुर केसीकी नातिनी सिएम श्री केसीको जन्मदिनको अवसरमा राहतस्वरुप उपलब्ध गराएका १६ बोरा चामल लगायतका सामग्री वितरण गरिएको हो । राहत वितरणको सहजीकरण काँग्रेस नगर समितिले गरेको थियो । त्यस अवशरमा जिल्लास्थित नेताहरुद्वारा वृक्षारोपणसमेत गरिएको थियो ।

## नारायणीमा डुबेर एक जना बेपत्ता

**नवलपरासी/मस–** नवलपरासी स्थित नारायणी नदिमा डुबेर एक जना बेपत्ता भएका छ । मंगलवार बिहान सुस्ता गाउँपालिका वडा नं. ४ नर्सही बस्ने अन्दाजी ३२ वर्षीय सन्तु चौधरी नर्सहीको ठोकर संख्या १३ बाट बेपत्ता भएका हुन् ।

गाउँ नजिकै नदीमा दाउरा समात्न जाँदा चिप्लेर बेपत्ता भएका ईलाका प्रहरी कार्यालय बेलाटारीले जनाएको छ । नारायणी नदीको जलस्तर खतराको सुचक पार गरिसकेको हुँदा पनि केही स्थानीयहरु ज्यान जोखिममा पार्दै नदीमा दाउरा समात्ने काम गरिरहेको पाइएको छ । बेपत्ता चौधरीको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

**श्रम...**

सचिव रायसँगै सरकारले अन्य २ सचिवको पनि सरुवा गरेको छ । त्यस्तै नयाँ २ सचिवको पनि पदस्थापन गरेको छ । बैठकले गण्डकी प्रदेशका प्रमुख सचिव हरिप्रसाद बस्याललाई रिक्त रहेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयका सचिव रामप्रसाद थपलियालाई शिक्षा मन्त्रालयको सचिवमा सरुवा गरेको छ । त्यस्तै केही दिनअघि बढुवा भएका विष्णु नेपाललाई गण्डकी प्रदेशको प्रमुख सचिव र मान बहादुर विकलाई बागमती प्रदेशको प्रमुख सचिवमा सरुवा गरेको छ ।

**फेरि ...**

भन्दै बैठक स्थगित गरिएको छ । उद्धारमा खटिनुपर्ने भनिएपनि वास्तविकता भने नेकपाभित्रको विवाद हल हुन नसक्नु हो । "जनताको उद्धार भन्दा पनि पार्टीभित्र देखिएको संकटकै उद्धारका लागि बैठक एक साता स्थगित गरिएको हो", एक स्थायी कमिटी नेताले भने । ती नेताका अनुसार, यो अवधिमा शीर्ष नेताहरु छलफलमा जुट्नेछन् ।

विशेषगरी अबको छलफलमा महाधिवेशनमा केन्द्रीत हुने देखिएको छ । किनभने, प्रचण्ड सहित प्रधानमन्त्री इतर समूहका नेताहरु झलनाथ खनाल, माधवकुमार नेपाल, प्रवक्ता नारायणकाजी श्रेष्ठ लगायत पनि महाधिवेशनको विकल्प देख्न छाडेका छन् ।

यसबारे आइतबार बिहान बरिष्ठ नेता नेपाल सहित नेताहरुले छलफल गरेका थिए भने सोमबार प्रचण्डको खुमलटारमा र पूर्व एमाले समूहका नेताहरु खनाल निवास डल्लुमा बसेका थिए ।

गएको असार १० गतेदेखि शुरु भएको स्थायी कमिटी बैठकमा बहुमत सदस्यले प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट राजीनामा मागेपछि नेकपा विभाजनकै संघारमा पुगेको छ । स्थायी कमिटी बैठक असार १७ गतेदेखि अवरुद्ध हुँदै आएको छ । ओलीले भने प्रधानमन्त्री एवम् अध्यक्ष ओलीले दुवै पदबाट राजीनामा नदिने अडान लिदै आएका छन् । उल्टै ओलीले पार्टी विभाजन गर्ने चेतावनी दिएका छन् ।

# भारतबाट आएर क्वारेन्टिनमा बसेका ब्यक्तिको मृत्यु

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ६ साउन

रुकुम पश्चिमको आठबिसकोट नगरपालिकास्थित क्वारेन्टिनमा बसेका एक ब्यक्तिको मृत्यु भएको छ । साउन ३ गते भारतको कलकत्ताबाट आएर क्वारेन्टिनमा रहेका वडा नम्बर ( १२ गोइरीका स्थानीय ५१ वर्षीय पुरुषको सोमबार बेलुका ५ बजे नगर अस्पताल आठबिसकोटमा मृत्यु भएको नगर स्वास्थ्य शाखाका संयोजक मनिराज शाहले बताए । क्वारेन्टिनमा बसेकै दिनदेखि उनको स्वास्थ्यमा समस्या देखिएपछि स्वास्थ्य जाँचका लागि ती पुरुषलाई नगर अस्पताल ल्याइएको थियो ।

उनी मृगौलाका बिरामी थिए । बिरामीलाई थप उपचारका लागि नेपालगन्ज लैजान नगरपालिकाले एम्बुलेन्स सेवा उपलब्ध गराईदिंदा पनि उनको पारिवारिक समस्याको कारण उपचार गर्न नपाएर ज्यान गएको संयोजक शाहले मध्यान्हलाई जानकारी दिए ।

उनले भने, 'साउन ४ गते कोरोना परीक्षणको लागि स्वाव संकलन गरेका थियौं । उनको स्वास्थ्य अवस्था कमजोर हुँदै गएको थियो । दुबै मृगौलाले काम गर्न छोडेपछि उपचारका क्रममै मृत्यु भयो ।'

आठबिसकोट नगर अस्पतालमा डायलासिस सेवा छैन । उक्त सेवाका लागि नेपालगञ्ज जानुपर्ने हुँदा उनका परिवारले अस्पताल लैजान मानेका थिएनन् ।

मृतकको कोरोना रिपोर्ट नेगेटिभ

क्वारेन्टिनमा मृत्यु भएका पुरुषको कोरोना परीक्षण पिसिआर रिपोर्ट नेगेटिभ आएको छ । रुकुम पश्चिमको चौरजहारी अस्पतालस्थित प्रयोगशालामा गरिएको कोरोना परीक्षणको आरडिटी र पिसिआर रिपोर्ट नेगेटिभ आएको अस्पतालले जनाएको छ ।

आठबिसकोटस्थित बाल कल्याण माविको क्वारेन्टिनमा बसेका पुरुषको कोरोना परीक्षणको लागि साउन ४ गते नै स्वाव संकलन गरी चौरजहारी पठाइएको थियो । उनको रिपोर्ट सोमबार साँझ नै आइसकेको थियो ।

# अवैध मटर प्रहरीको नियन्त्रणमा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ६ साउन

नवलपरासीको सीमावर्ती क्षेत्रको बिभिन्न ठाउँबाट १ लाख २० हजार मूल्य बराबरको अबैध मटर (केराउ)प्रहरीले नियन्त्रणमा लिएको छ । मंगलबार बिहान प्रतापपुर गाउँपालिका वडा नं. ५ भैरलपुरमा नेपालबाट भारततर्फ अबैधरुपमा लग्दै गरेको ६ बोरा मटर (केराउ) प्रहरी चौकी





बसहियाले नियन्त्रणमा लिएको हो ।

यसैगरी सरावल गाउँपालिका वडा नं. ७ मुजरहियामा नेपालबाट भारकतर्फ लग्दै गरेको २५ बोरा मटर (केराउ) सीमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा लिएको छ । नियन्त्रणमा लिएको मटर (केराउ) आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सुचना अधिकारी राजु लामाले बताए ।


## कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.को सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार सञ्चालन गर्न श्रम इजाजत पत्र नं. ५२३/०६१/०६२ को यस **कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | ३३ | ० | ३३ |
| २. | साउदी अरब | ७८ | ० | ७८ |
| कुल जम्मा | | ३६१ | 0 | कुल जम्मा १११ जना |

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं,
फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८,
श्रम इजाजत नं. ५२३/०६१/०६२

# सागका स्वर्ण विजेतालाई काँग्रेसले सम्मान गर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन

नेपाल काँग्रेसको केन्द्रीय खेलकुद विभागले नेपालमा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण जित्ने खेलाडीलाई नगदसहित सम्मान गर्ने भएको छ ।



विभागको साउन ५ गते बसेको बैठकको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा विभाग प्रमुख मोहनबहादुर बस्नेतले सोको जानकारी गराए । तत्काललाई एकल स्पर्धामा स्वर्ण जित्ने खेलाडीलाई मात्र सम्मान गर्ने र बाँकी पदक विजेता, प्रशिक्षक र व्यवस्थापकलाई पनि क्रमैसंग सम्मान गर्ने प्रमुख बस्नेतले अवगत गराए ।

'सुरुआतमा हामीले एकल स्पर्धाका स्वर्णधारीलाई सम्मान गर्न लागेका हौं । उहाँहरुलाई १० दिन भित्रै सम्मान गर्छौं । साथीभाइहरुसंग छलफल गरेर छुटेकालाई पनि सम्झन्छौं ।'- प्रमुख बस्नेतले भने । एक स्वर्णलाई १० हजार, दुईलाई १५ हजार र चार स्वर्णलाई २५ हजार नगदसहित सम्मान गर्न लागिएको हो ।

त्यस्तै टोकियो ओलम्पिकमा सहभागी हुने नेपाली खेलाडी र प्रशिक्षकहरुको कोरोना बिमा गरी यथाशीघ्र टोकियो ओलम्पिकलगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने विभिन्न खेलका खेलाडीको प्रशिक्षण उच्च सतर्कताका साथ प्रशिक्षण सुरु गर्न सरकारसंग अनुरोध गर्ने, नेपाली कांग्रेस केन्द्रीय सभापतिको नाममा वर्षेनी राष्ट्रियस्तरीय सभापति कप फुटबल प्रतियोगिता सञ्चालन गर्ने, नेपाली कांग्रेसमा आबद्ध खेलाडी र खेल क्षेत्रका संघ संस्थालाई कोरोना भाइरस र प्राकृतिक विपत्तीबाट जोगाउन सहयोग पुग्ने कार्यहरु गर्न/गराउन परिचालन गर्ने, राष्ट्रिय खेलकुद परिषद्मा कार्यरत कर्मचारीहरुको १३ देखि २४ वर्षसम्म सेवा अवधि पूरा गरेका कर्मचारीहरुको बढुवा प्रकृया अगाडि बढाउन माग गर्ने निर्णय गरेको छ ।

विभागले नेपालको लोकतान्त्रिक आन्दोलनमा योगदान पुऱ्याएका आफ्ना स्वर्गीय नेता र शहिदको सम्मानमा राष्ट्रिय, प्रदेशस्तरीय र स्थानीयस्तरीय प्रतियोगिता आयोजना गर्ने निर्णय पनि गरेको छ । विभागले स्व. बीपी कोइराला, सुवर्णशमशेर राणा, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिप्रसाद कोइराला, सुशील कोइराला, महेन्द्रनारायण निधि, मंगलादेवी सिंह, शैलजा आचार्य, धनमानसिंह परियार, खुमबहादुर खड्का, शेख इद्रिस, बलबहादुर राई, बखानसिं गुरुङ, योगेन्द्रमान शेरचन, भीमबहादुर तामाङ, राधाकृष्ण चौधरी, द्वारिकादेवी ठकुरानी, भूविक्रम नेम्वाङ र शहिद लखन थापा मगरको स्मृतिमा प्रतियोगिता आयोजना गर्ने जनाएको छ । पत्रकार सम्मेलनमा विभागका उप-प्रमुख मोहनकुमार राई, सचिव मीनकृष्ण महर्जनलगायतका पदाधिकारीहरुको उपस्थिति थियो ।

# युरोपेली युनियनद्वारा २१ खर्ब डलरको बजेट स्वीकृत



**ब्रसेल्स, एपी**-युरोपेली युनियनका नेताले चार दिनदेखिको लामो विवाद र बहसबीच अन्ततः २१ खर्ब डलरको बजेट पारित गर्न सहमति जनाएका छन् । यस बजेटसँगै कोरोनाभाइरसका कारण संकटमा परेको अर्थतन्त्र उकास्न तयार पारिएको आर्थिक पुनरुत्थान प्याकेज पनि पारित भएको छ । युरोपेली युनियनमा आबद्ध २७ मुलुकका सरकार प्रमुख सहभागी ब्रसेल्स शिखर बैठकमा कोरोनाभाइरसका कारण उत्पन्न स्वास्थ्य एवं आर्थिक पक्षमाथि व्यापक विचारविमर्श भएको थियो ।

युरोपेली परिषद्ले तयार पारेको सात खर्ब ५० अर्ब युरोको एउटा आर्थिक सहायता प्याकेजलाई पनि बैठकले अनुमोदन गरेको छ ।

खासगरी कोरोनाभाइरसबाट सर्वाधिक प्रभावित मुलुकलाई उक्त रकम अनुदान र ऋणका रुपमा उपलब्ध हुनेछ ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रोले शिखर बैठकमा भएको सहमति ऐतिहासिक रहेको बताउँदै राहत प्याकेजमा बन्दोबस्त गरिएको अनुदान र ऋणले युरोपेली मुलुकबीचको ऐक्यबद्धतालाई अझ सुदृढ बनाउन मद्दत गर्ने उल्लेख गरे । जर्मन चान्सलर एन्जेला मर्केलले शिखर बैठकमा आगामी सात वर्षका लागि युरोपेली युनियनको आर्थिक आधार तयार पार्न सफलता हासिल भएको बताए । युरोपेली युनियनका परम्परागत रुपमै सबैभन्दा शक्तिशाली र प्रभावशाली ठानिएका जर्मनी र फ्रान्सले यसपटकको मध्यस्थता वार्तामा पनि निर्णायक भूमिका निर्वाह गरेका थिए । युरोपेली युनियनका केही राष्ट्रले प्रस्तावित आर्थिक पुनरुत्थान प्याकेजमा देखाएका सरोकारलाई पनि यी दुई राष्ट्रले समाधान गरेर पुनः आफ्नो उपस्थिति बलियो बनाएका छन् । युरोपेली युनियन आयोगकी अध्यक्ष उर्सुला भोन डर लियेनले युरोपेली मुलुकको आर्थिक पुनरुत्थानका लागि निकै सकारात्मक प्रस्ताव पारित भएको बताउनुभयो । नेदरल्याण्ड्सका प्रधानमन्त्रीको अग्रसरतामा केही युरोपेली मुलुकले प्रस्तावित राहत प्याकेजमा अनुदानको रकम बढी राखिएको भन्दै आपत्ति जनाएका थिए । उनीहरुले सबैभन्दा बढी राहत प्राप्त गर्ने सम्भावना रहेका स्पेन र इटालीले आर्थिक सुधारका कार्यक्रम अघि बढाउनुपर्ने बताउँदै तिनै राष्ट्रलाई बढी नगद अनुदान दिइनु उपयुक्त नहुने बताएका थिए । फ्रान्सेली राष्ट्रपति म्याँक्रोले यस पटकको बैठकमा निकै तनाबपूर्ण क्षण उत्पन्न भएको समेत बताए ।

# प्रशिक्षकका लागि दरखास्त आह्वान गरिने



**काठमाडौं, मस-** राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकका लागि १ हप्ताभित्र दरखास्त आह्वान गरिने भएको छ । नेपाल क्रिकेट संघ (क्यान) को सोमबार बसेको कार्यसम्पादन कमिटीको बैठकले अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) सँग छलफल गरेर मुख्य प्रशिक्षकसहित महाप्रबन्धक, वित्तिय प्रबन्धक र व्यवस्थापकका लागि एक साता भित्र दरखास्त आह्वान गर्ने निर्णय गरेको क्यानले विज्ञप्ति मार्फत जानकारी दिएको छ ।

कमिटीको बैठकले विभिन्न ७ वटा निर्णय गर्दा त्यसमा ७ प्रदेशका लागि प्रशिक्षकको दरखास्त समेत आह्वान गर्ने निर्णय गरेको छ । मुलपानी क्रिकेट मैदानलाई ६ जना मैदान कर्मचारी थप गर्ने, पोखरा, भैरहवा र विरगंजका लागि एक एक जना पिच क्युरेटर नियुक्त गर्ने निर्णय पनि लिएको छ । गत वर्ष असोजमा निर्वाचन गरेको क्यानले भदौ १५ भित्रमा बार्षिक साधारण सभा गर्ने भएको छ ।

विक्रम न्यौपानेलाई नेपाली टोलीको पूर्णकालीन फिजियोको रुपमा नियुक्त गर्ने निर्णय गरेको क्यानले उनलाई नै तत्कालका लागि टोलीको सम्बन्धित विषयहरुको समन्वय र व्यवस्थापनको जिम्मेवारी समेत दिइएको छ ।

क्यानको केन्द्रिय सदस्य जयन्ती भट्टको संयोजकत्वमा महिला क्रिकेट विकास समिति गठन गर्ने निर्णय पनि गरेको छ । त्यो समितिमा प्रदेश समितिमार्फत अन्य सदस्य थप गरिने क्यानका महासचिव अशोकनाथ प्याकुरेलद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

# टी २० विश्वकप स्थगित




**काठमाडौं, एजेन्सी-** अष्ट्रेलियामा हुने तय भएको टी-२० विश्वकप क्रिकेट स्थगित भएको छ । आउँदो अक्टोबर-नोभेम्बरमा हुने भनिएको प्रतियोगिता एक वर्षपछि अर्थात २०२१ मा मात्र हुनेछ ।

विश्वभर फैलिएको कोरोना महामारीले विश्व क्रिकेट प्रभावित बनेको बेला टी( २० विश्वकप पनि एक वर्ष पछि सारिएको हो ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) को सोमबार बसेको कार्यसमिति बैठकले प्रतियोगिता सार्ने निर्णय गरेको हो । आईसीसीले विज्ञप्ति जारी गर्दै टी(२० विश्वकप अब सन् २०२१ को अक्टोबर नोभेम्बरमा आयोजना गर्ने जनाएको छ ।

भारतमा हुने भनिएको २०२२ को टि(२० विश्वकपमा पनि अक्टोबर( नोभेम्बरमा हुनेछ । भारतले नै आयोजना गर्ने २०२३ को एक दिवसीय विश्वकप पनि तोकिएको मितिमा हुने आइसीसीले जनाएको छ ।

# भारतमा एकै दिनमा ३७ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित



**नयाँ दिल्ली, एएनआई-** भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको संख्या बढ्दै जानेक्रममा एकै दिनमा ३७ हजारभन्दा बढी कोरोना भाइरस संक्रमित थपिएका छन् ।

सरकारी अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ३७ हजार १४८ जना कोरोना भाइरस सङ्क्रमित थपिएका हुन ।

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले एकैदिनमा ५८७ जनाको कोरोनाका कारण मृत्यु भएको पनि जनाएको छ । त्यसैसँगै भारतमा कोरोनाकै कारण मृत्यु भएकाको संख्या अहिलेसम्म २८ हजार ८४ पुगेको अधिकारीहरुले जानकारी दिएका छन् । योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको संख्या ११ लाख ५५ हजार १९१ पुगेको अधिकारीहरुले जनाएका छन् ।

भारतमा अहिले पनि चार लाख दुई हजार ५२९ जना सङ्क्रमित अवस्थामै रहेका छन् भने सात लाख २४ हजार ५७८ जना सङ्क्रमणमुक्त भएका छन् ।

कोरोनाबाट भारतमा सबैभन्दा धेरै प्रभावित भएको महाराष्ट्र प्रदेशमा तीन लाख १८ हजार ६९५ जना सङ्क्रमित भएका छन् भने सङ्क्रमणको कारण १२ हजार ३० व्यक्तिको मृत्यु भएको छ । त्यसपछि तमिलनाडुमा एक लाख ७५ हजार ६७८ सङ्क्रमित रहेका छन् । राजधानीसमेत रहेको दिल्ली प्रदेशमा एक लाख २३ हजार ७४७ कोरोना भाइरस सङ्क्रमित रहेका छन् ।

# गणेशमान सिंह बक्सिङ स्थगित




**काठमाडौं, मस-** गत चैतमा तय भएको वीर गणेशमान सिंह स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगिता नहुने पक्का भएको छ । आयोजक गणेशमान सिंह फाउन्डेसनले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै कोरोना भाइरसको कारण प्रतियोगिता रद्ध गरिनु परेको जानकारी गराएको छ ।

'कोरोना भाइरस (कोभिड-१९) को महामारीसँगै विभिन्न प्रतिकुलता र राष्ट्रिय खेलकुद परिषदले पनि आर्थिक वर्ष समाप्त भएकोले प्रतियोगिताका लागि निकासा गरेको रकम फिर्ता गर्न ताकेता गरेकोले प्रतियोगिता रद्ध गरिएको जानकारी गराउदछौं ।' प्रतियोगिता संयोजक सन्जिब तुलाधर जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा स्व. गणेशमान सिंहको स्मृतिमा आयोजनामा हुने प्रतियोगिता यसअघि १८ देखि २२ चैतसम्म काठमाडौंको बसन्तपुर डबलीमा हुने तय भएको थियो । प्रदेश-१, प्रदेश-२ र बाग्मती प्रदेशको छनोट भइसकेको र अन्य प्रदेशमा पनि छनोट हुने तरखरमा रहँदा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका कारण आयोजकले फागुनमा तत्कालको लागि प्रतियोगिता स्थगित गरेको थियो ।

प्रतियोगिताका हरेक तौल समूहका विजेताले २५ हजार, दोस्रो हुनेले १५ हजार र तेस्रो हुने खेलाडीले सात हजार पाँच सय रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने बताईएको थियो । यस्तै प्रतियोगिताका उत्कृष्ट पुरुष खेलाडीलाई मोटरसाइकल र महिला खेलाडीलाई एक थान स्कुटर प्रदान गरिने जनाएको थियो ।

# भारतको आसाममा बाढीबाट १ सय ११ जनाको मृत्यु

**नयाँ दिल्ली, सिन्हुवा-** भारतीय उत्तरपूर्वी राज्य आसाममा परेको भारी वर्षा र त्यसपछिको बाढीले १११ जना स्थानीय नागरिकको ज्यान लिएको छ ।

राज्यका अधिकारीहरुले यहाँ जनधनको ठूलो क्षति भएको बताएका छन् । आसाममा गएका केही दिनयतादेखि अविरल वर्षा जारी छ । त्यसैले यहाँ अझै ठूलो क्षति हुन सक्ने त्रास रहेको पनि बताइएको छ ।

यहाँ मंगलबार बिहानसम्म मृत्यु हुनेको संख्या १११ पुगेको आसाम राज्यको विपद् व्यवस्थापन विभागलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

आसाम राज्यको विपद् व्यवस्थापन विभागले दिएको जानकारीअनुसार यहाँका कम्तीमा पनि २५ लाख मानिस नराम्ररी प्रभावित भएका छन् । उनीहरु घरबास छोडेर सुरक्षित स्थलतर्फ जानुपर्ने अवस्था आएको बताइएको छ । उक्त विभागले दिएको जानकारीमा यहाँका ८५ जना मानिसको बाढीमा परेर ज्यान गएको छ भने अरु २६ जना पहिरोमा परी मृत्यु भएको छ । सो विभागले गएको हप्ता दिनदेखि नै यहाँ अविरलरुपमा वर्षा भइरहेको छ ।

# अमेरिकामा एकै दिन ६० हजार सङ्क्रमित थपिए

**वासिङ्टन, एएफपी-** संयुक्तराज्य अमेरिकामा कोरोना भाइरस (कोभिड-१९) बाट एकै दिन ६० हजारभन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन् । अमेरिकाको रोग नियन्त्रण केन्द्र (सीडीसी)ले गएको २४ घन्टामा ६१ हजार २८८ जना सङ्क्रमित थपिएको बताएको हो ।

त्यस्तै गएको २४ घन्टायता मात्र ४८८ जनाको यो सङ्क्रमणका कारण ज्यान गएको अमेरिकाको जोन हाप्किन्स विश्वविद्यालयले जानकारी दिएको छ । यहाँ सङ्क्रमितको संख्या अझै धेरै हुनसक्ने अनुमान पनि गरिएको छ ।

कोरोना भाइरसबारे विश्वव्यापी तथ्याङ्क संकलन गरिरहेको जोन हप्किन्स विश्वविद्यायका अनुसार यसअघि यहाँ अहिलेसम्म सङ्क्रमितको संख्या ३८ लाख नाघेको छ ।

उक्त विश्वविद्यालयले यहाँ एक लाख ४० हजार ९२२ जनाको ज्यान गइसकेको छ । गएको २४ घन्टामा मात्र यहाँ ४८८ जना सङ्क्रमितको निधन भएको बताइएको छ । सङ्क्रमण तीव्र भएपछि केही राज्यले व्यापार व्यवसाय सुचारु गर्ने योजनापछि सारेका जनाइएको थियो तर पछि आएर धेरै राज्यमा व्यपार व्यवसाय पनि शुरु भएको छ । यसरी अमेरिका कोभिड-१९ बाट सबैभन्दा बढी प्रभावित भएको देशका रुपमा रहेको छ । सोमबार मात्र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मास्क लगाउन सबैलाई अपिल गरेका छन् ।

# इजिप्टको संसद्द्वारा लिबियामा सेना पठाउन स्वीकृत



**कायरो, एएनआई-** इजिप्टको संसद्ले मुलुकबाहिर सेना परिचालन गर्ने एउटा प्रस्तावलाई सोमबार स्वीकृति दिएको छ । राष्ट्रपति अब्देल फातेह-अल सिसीले लिबियामा टर्कीको समर्थनप्राप्त सैन्यबल विरुद्ध सैन्य कारबाही गर्ने धम्की दिएलगत्तै संसद्ले यस्तो निर्णय गरेको हो ।

संसद्द्वारा जारी वक्तव्यमा इजिप्टको राष्ट्रिय सुरक्षा गर्न र आपराधिक सशस्त्र लडाकू एवं विदेशी आतङ्कवादी तत्व विरुद्ध कारबाही गर्ने गरी इजिप्टको सेनालाई देश बाहिर पनि सैन्य कारबाही गर्न सर्वसम्मत निर्णय गरिएको उल्लेख छ ।

इजिप्टको संसद्मा राष्ट्रपति अल-सिसी पक्षधरको भारी बहुमत छ । प्राप्त समाचारअनुसार इजिप्टको सेनालाई लिबियाको पश्चिमी मोर्चामा तैनाथ गरिने छ ।

इजिप्टको पछिल्लो कदमले इजिप्ट र टर्कीबीच पहिलो पटक प्रत्यक्ष गतिरोध उत्पन्न हुने खतरा बढाएको छ किनभने लिबियाको गृहयुद्धमा सक्रिय परस्पर विरोधी दुई समूहलाई इजिप्ट र टर्की दुबैले समर्थन गरिरहेका छन् । इजिप्टसँग युद्धग्रस्त लिबियासँग सहारा मरुभूमिको खुला सीमा रहेको छ ।

## म्यानपावर तु-विक्रिमा

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको, २०७८ असार मसान्तसम्म नवकिरण भएको, मेनपावर अफिससहित विक्रिमा भएकाले लिन ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।

मुल्य रु. ८०,००,०००/- (अक्षरेपी रुपैया असी लाख मात्र) अफिस सहित

सम्पर्क : ९८०८९८८६६२

## कागजपत्र हराएको सूचना

मिति २०७७०३२२ गते नयाँ बानेश्वर-१०, थापागाउँमा कोठा फोरी तल अल्लेखित कागजपत्र चोरी भएको हुदाँ उक्त कागजपत्र कोहि कसैले काही कतै पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

हराएको कागजपत्र
१ एशियन लाइफ इन्स्योरेन्स कागज सिर्जना श्रेष्ठ, पो.नं. ५३१०००६८७९
२ नेपाल लाइफ इन्स्योरेन्स कागज केभिन तामाङ पो.नं. १०१११६३
३ सिर्जना श्रेष्ठको नाममा रहेको SLC, IED, B.ED, CMA सर्टिफिकेट
४ बाबुबाजी तामाङको नाममा रहेको कागजपत्र SLC सर्टिफिकेट साथै जग्गाको लालपुर्जा

सम्पर्क : ९८४१००३५८३, ९८६१८०००६३

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/०७

यस कम्पनीको मिति २०७७/०२/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रतिष्ठा किल्लिङ एण्ड सर्भिसेज प्रा.लि. (प्रा.लि.नं. १३१८०६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **प्रतिष्ठा सर्भिसेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/०१/१७ मा दर्ता भएको **प्रा.लि. नं. २१४१९१** को **आई वान थिङ हुनान स्न्याक्स एण्ड स्टफ प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## इगल हन्टर इन्टरनेशनल प्लेसमेण्ट प्रा.लि.को नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/०७

यस कम्पनीको मिति २०७६।१।१५ गते सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनीको साविक नाम इगल हन्टर इन्टरनेशनल प्लेसमेण्ट प्रा.लि. बाट परिवर्तन गरी वृंदित सर्भिसेज प्रा.लि. कायम गर्ने निर्णय भए बमोजिम सम्पूर्ण चल, अचल सम्पती तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६।२।१५ को निर्णयानुसार नाम परिवर्तन भई आएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# खर्चमा मितव्ययिता अपनाउन अर्थमन्त्रालयको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन




अर्थ मन्त्रालयले खर्च कटौती गर्न र मितव्ययितामा ध्यान दिन मातहतका निकायलाई निर्देशन पठाएको छ। चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका सम्बन्धमा ६२ बूँदे मार्गनिर्देशन जारी गर्दै मन्त्रालयले सकेसम्म खर्च कम गर्न भनेको छ। मार्गदर्शन अनुसार सबै आयोजनाले असोज मसान्तभित्र बोलपत्र मूल्यांकन गरी ठेक्का सम्झौता समेत गरिसक्नुपर्ने तथा चालु आर्थिक वर्षको बजेटमा समावेश भएका सबै आयोजना र कार्यक्रमको प्रारम्भिक चरणका काम सम्पन्न गरी कम्तिमा १५ कात्तिकबाट काम थाल्नु पर्ने छ। त्यस्तै, ठेक्का लिएर पेटी ठेक्का लगाउने कार्यलाई निरुत्साहित गर्न अर्थ मन्त्रालयले अत्यावश्यक कार्यबाहेकमा यस्तो सहायक ठेक्का दिने प्रचलनलाई रोक्न निर्देशन दिएको छ। मार्गदर्शनमा सरकारी कार्यालयहरुले घर भाडामा लिंदा सकेसम्म सस्तो तथा न्यूनतम आवश्यकता र सुविधा भएको घर लिन भनिएको छ। सम्बन्धित कार्यालयमै भएका जनशक्तिको साटो बाहिरबाट परामर्शदाता नियुक्ति गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न पनि निर्देशन दिइएको छ। सार्वजनिक खर्चमा सभा, सम्मेलन, बैठक, गोष्ठी गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्न, सभाहल उपलब्ध हुन नसकेमा मात्रै मितव्ययी ढंगले अन्य स्थानमा कार्यक्रम गर्न भनिएको छ। त्यस्तै, नयाँ स्थापना हुने कार्यालयबाहेक साविकको कार्यालयका लागि नयाँ फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर आदि खरीद नगर्न पनि निर्देशन दिइएको छ। सकेसम्म यस्ता वस्तु मर्मत गरेर काम चलाउन भनिएको छ। नयाँ खरीद गर्दा पुराना सामान अनिवार्य रुपमा लिलामी गर्न पनि निर्देशन गरिएको छ। मार्गदर्शनमा कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धका कारण अनिवार्य रुपमा सहभागी हुनुपर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तरसरकारी बैठकमा मात्र सहभागी हुने व्यवस्था गर्न सोको लागि लाग्ने खर्चको सम्बन्धमा अर्थ मन्त्रालयको पूर्व सहमति लिन पनि निर्देशन दिइएको छ। कार्यालय सहयोगी र सवारी साधनको चालकबाहेकका पदमा अस्थायी, ज्यालादारी र करारमा नयाँ नियुक्ति नगर्न, त्यसैगरी, पानी, इन्धन, मसलन्द, विद्युत लगायतका खर्चमा पनि अधिकतम मितव्ययिता अपनाउन भनिएको छ। अनियमितता हुन नदिन आपूर्तिकर्ता, व्यवसायी, परामर्शदाता आदिलाई नगदका सट्टा ब्यांक खातामा भुक्तानी गर्न, थप आर्थिक दायित्व सिर्जना हुने निर्णय नगर्न पनि निर्देशन दिइएको छ।

## कुमारी बैंकको भैरव नवदिप उच्च माध्यमिक विद्यालयलाई सहयोग

**काठमाडौं/मस**-कुमारी बैंक लिमिटेडले पाल्पास्थित श्री भैरव नवदिप उच्च माध्यमिक विद्यालयलाई जिन्सी सहयोग गरेको छ। कोभिड महामारीको विषम परिस्थितिमा विद्यालयमा नियमित पठनपाठन सम्भव नरहेको कुरालाई ध्यानमा राख्दै, केही थान कम्प्युटर र ल्यापटप अनलाईन शैक्षिक क्रियाकलाप प्रयोजनार्थ बैंकले विद्यालयलाई सहयोग गरेको हो। कुमारी बैंकको टंगालस्थित प्रधान कार्यालयमा एक संक्षिप्त समारोहबीच बैंकका प्रमुख संचालन अधिकृत रामचन्द्र खनालले विद्यालयका प्रतिनिधिमानार्थ रथी यादवबहादुर रायमाझीलाई हस्तान्तरण गरेका हुन। उक्त सहयोगको उद्देश्य दैनिक शैक्षिक क्रियाकलापमा अवरोध आउन नदिई बालबालिकाको क्षमता वृद्धि र विकासमा टेवा पुऱ्याउनु रहेको बैंकले जनाएको छ। आफ्ना देशव्यापी २०३ शाखा संजाल, १ सय ३८ एटिएम, १३ एक्सटेन्सन काउन्टर तथा २१ शाखारहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक सेवाहरु दिदैं आएको कुमारी बैंकले आगामी दिनमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा अझै सेवामूलक तथा प्रभावकारी सेवा पुऱ्याउँदै जाने प्रतिबद्धता जनाएको छ।




## कर्मचारी सञ्चय कोष र एनआईसी एशिया बैंकबीच समझदारी




**काठमाडौं/मस**-एनआईसी एशिया बैंक र कर्मचारी संचय कोषबीच समझदारी भएको छ। मंगलबार आफ्ना सेवाहरू डिजिटल माध्यममा लैजाने क्रमलाई निरन्तरता दिँदै कर्मचारी सञ्चय कोष बाट कर्जा उपभोग गरिरहेका ऋणीहरूले साँवा ब्याजसहितको किस्ता रकम विद्युतीय माध्यमबाट भुक्तानी गर्नका निमित्त कर्मचारी सञ्चय कोष र एनआईसी एशिया बैंकबीच समझदारी भएको हो। उक्त समझदारीपत्रमा बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार राठी तथा कोषको तर्फबाट मुख्य प्रबन्धक अर्जुन कुमार गौतमले हस्ताक्षर गरेका हुन। बैंकले नेपाल क्लियरिङ्ग हाउस लिसँगको सहकार्यमा कर्मचारी सञ्चय कोषबाट कर्जा सुविधा लिईरहेका ऋणीहरूलाई सुविधाको निमित्त उनिहरुले उपभोग गरेको कर्जा बमोजिमको किस्ता रकम विद्युतीय माध्यमबाट भुक्तानी गर्न मिल्ने सुविधा ल्याउने समझदारी गरेको हो।

डिजिटल बैंकिङ्ग सेवामा अग्रणी स्थानमा रहिआएको यस बैंकले डिजिटल फर्स्ट बैंक बन्ने दीर्घकालीन लक्ष्यअनुरुप नेपाल क्लियरिङ्ग हाउससँगको सहकार्यमा विद्युतीय भुक्तानी जस्तो नवीनतम सुविधा ल्याएको छ। यस व्यवस्था अन्तर्गत अब जुनसुकै बैंक तथा वित्तीय संस्थाहरूमा खाता सञ्चालन गर्नुभएको कर्मचारी सञ्चय कोषका ऋणीहरूले नेपाल क्लियरिङ्ग हाउस लि. पोर्टल मा लग इन गरेपश्चात गोभमेन्ट पेमेन्टमा क्लिक गरी भुक्तानी प्रक्रिया सुरु गर्न सक्नेछन्। नगद रकम तथा चेक बोकी बैंकको शाखामा गई कर्मचारी सञ्चय कोषको कर्जाको साँवा ब्याजसहितको किस्ता रकम भुक्तानी गर्नुपर्ने वर्तमान अवस्थालाई यस नयाँ व्यवस्था अनुसार बैंक नै नगई घर तथा अफिसबाट विद्युतीय माध्यमबाट उक्त किस्ता रकम सजिलै भुक्तानी गर्न सक्नुहुनेछ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३२६ शाखा कार्यालयहरू, ४६४ एटिएम, १०१ वटा एक्स्टेन्सन काउण्टर एवं ६१ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हो।

२१ लाख भन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरू अत्यन्त उत्साहप्रद रहेका छन्। उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू. ३ अर्ब १५ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशिकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ।

## आइफोन एसई २०२० नेपाली बजारमा




**काठमाडौं/मस**-एप्पलको नेपालका लागि आधिकारिक वितरक जेनरेशन नेक्स्ट कम्युनिकेसनले नेपालमा वर्षौं देखि बजारमा एप्पलका असली उत्पादनहरु बिक्री गर्दै आएको छ। नेपालमा एप्पलको आइफोन तथा एप्पलका उत्पादनहरु (म्याकबुक्स, आइप्याड, आइम्याक) को एक मात्र वितरक जेननेक्स्टले आइफोन नेपालमा आईफोन एसई सार्वजनिक गरेको छ। यो ६४ जीबी, १२८ जीबी र २५६ जीबीमा कालो, सेतो र रातो कलर अप्सनमा उपलब्ध रहेको छ। सबैभन्दा प्रत्याशित आईफोनहरु नेपाली बजारमा भित्रिएका छन् जसले स्मार्टफोन प्रेमीहरु माझँ उत्साहपूर्ण प्रतिक्षा जगाएको छ। कम्पनीले आईफोन एसई ६४ जीबीको मूल्य ७० हजार रुपैयाँ तोकेको छ। यस्तै एसई १२८ जीबीको मूल्य ७५ हजार रुपैयाँ तोकेको छ भने एसई २५६ जीबीको मूल्य ९६ हजार रुपैयाँ तोकेको छ।


कम्पनीले ग्राहकहरुलाई असली एप्पल उत्पादनहरु आधिकारिक च्यानलहरुबाट मात्र खरिद, सक्कली भ्याटबिल लिन तथा एप्पलका उत्पादनहरुमा १ वर्षको वारेन्टिका लागि अनुरोध गरेको छ। हामी ग्राहकहरुलाई सक्कली बिलमात्र लिन समेत अनुरोध गरेको छ। आधिकारिक डिलरहरुः इभो स्टोर, ओलीज, फ्यूचर वर्ल्ड, आइस्टोर, राइजिंग मल, क्वालीटी कम्प्यूटर (विर्तामोड, झापा)। मोबाइल ट्रोन, फ्युचर टेक ट्रेडबाट मात्र खरिद गर्नुहोस् र जेननेक्स्टको होलोग्राम बक्समा हेर्न समेत पआह्वान गरेको छ।

## एभरेष्ट इन्स्योरेन्सको २५ औं वार्षिक साधारणसभा सम्पन्न

**काठमाडौं/मस**-एभरेष्ट इन्स्योरेन्सको २५ औं वार्षिक साधारण सभा मंगलबार अग्रवाल भवन, कमलपोखरी, काठमाण्डौंमा सम्पन्न भएको छ। दिउसो २ बजे शुरु भएको सभामा कम्पनीका संचालक समितिका अध्यक्ष राजिव सापकोटाले कम्पनीको वर्तमान गतिविधि, कम्पनीका भावी योजना तथा रणनीति सम्बन्धमा आफ्नो मन्तब्य राखेका थिए। कम्पनीको २५ औं बार्षिक साधारण सभाले प्रस्तुत सामान्य तथा बिषेश प्रस्ताव सर्वसम्मतीले पारित गर्यो। सभाले कम्पनीले उपयुक्त समयमा उपयुक्त निर्जीवन बीमा कम्पनी संग गाभ्ने/गाभिने तथा प्राप्ति गर्न सक्ने अख्तियारी संचालक समितिलाई दिने समेत निर्णय गरेको छ।




## नेप्से १४ अंकले ओरालो लाग्यो




**काठमाडौं/मस**-नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) परिसूचक साताको तेश्रो दिन मंगलबार १४.९९ अंकले घटेको छ। १.०२ प्रतिशतले घट्दा परिसूचक १४४९.९४ अंकमा झरेको छ।

मंगलबार १८५ कम्पनीका ४९ लाख ७६ हजार ४ सय ८८ कित्ता शेयर किनबेच हुँदा १ अर्ब ८७ करोड २२ लाख २० हजार ४ सय ४७ रुपियाँको कारोबार भयो। नेप्सेका अनुसार मंगलबार ट्रेडिङ, होटल, उत्पादनमूलक र म्युचुअल फण्ड बाहेक अन्य सबै समूहक रातााम्मे भए।

मंगलबार एनआईसी एशिया लघुवित्त वित्तीय संस्थाका शेयरधनीहरुले मंगलबार सबैभन्दा बढी ९.८८ प्रतिशतले नाफा मंगलबार्रन गरेका छन् भने हिमाल दोलखा हाइड्रोका शेयरधनीहरुले सबैभन्दा बढी ९.८० प्रतिशतले घाटा व्यहोरेका छन्।

मंगलबार हिमालयन डिष्ट्रिलरी लिमिटेडको सबैभन्दा बढी १४ करोड २४ लाख ८४ हजार २ सय ९९ रुपियाँ बराबरको शेयर किनबेच भएको नेप्सेले जनाएको छ।

सुनिश्चित महिला तथा बाल अधिकार सुसम्पन्न नेपालको पूर्वाधार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

विज्ञापन दर/रेट सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व. २०७७/०७८ मा प्रकाशन हुने विज्ञापनको दर रेटमा परिवर्तन गरिएको छ। परिवर्तित दर रेट २०७७ साउन १५ गतेदेखि लागू हुने व्यहोरा सम्पूर्ण विज्ञापनदाता, एजेन्सी एवं सम्बन्धित सबैमा जानकारी गराइन्छ।

बिज्ञापन दर रेट

| | रंगिन प्रति सिसि | श्यामश्वेत प्रति सिसि |
|---|---|---|
| प्रथम पृष्ठ | रू. १,६००/- | रू. १६,००/- |
| अन्तिम पृष्ठ | रू. १,५००/- | रू. १,५००/- |
| भित्री पृष्ठ | रू. १,४००/- | रू. १,२५०/- |

वर्गीकृत :

| | | |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रू. १,०००/- | रू. ५००/- |
| वर्गीकृत डिस्प्ले(प्रति शब्द) | | रू. २०/- |

ज्याकेट २ पेज रू. १०,००,००० /- उल्लेखित दर रेट मू.अ.क. बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
का.म.न.पा.-२९, बागबजार, काठमाडौं,
फोन नं. ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com
Web: www.madhyanhadaily.com
Facebook Page : Madhyanha News

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**